# मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय सि.न.पा. ५, रुपन्देही

च.नं. : ६६२

पत्र संख्या : ०८०/८१

मिति २०८१/०१/०३

श्री कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं ।

**विषय : छैठौं साधारण सभाको निर्णय विवरण पठाएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बित्तिय संस्थाको मिति २०८०/१२/२९ मा सम्पन्न छैठौं बार्षिक साधारण सभाको विवरण तथा निर्णय पुस्तिकाको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

बोधार्थ :

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार काठमाण्डौं ।

२) श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौं ।

३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक काठमाण्डौं ।

भवदीय,

कुलमणि ज्ञवाली

कम्पनी सचिव

**मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, सिद्धार्थनगर ५, रुपन्देही**
(नेपाल राष्ट्र बैंकवाट इजाजत पत्र प्राप्त "घ"वर्गको संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)
फोन नं. ०७१-५८७३१६/५८७३१७, इमेल : manakamanalbs@gmail.com

# छैठौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट)

(कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा ३ को प्रयोजनको लागि तयार गरिएको विवरण)

## १. वैधानिक सभा

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको २०८० चैत ६ मा बसेको संचालक समितिको ९४ औं बैठकले निर्णय गरे अनुसार कम्पनी ऐन २०६३ र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को नियमावलीको परिच्छेद ३ को दफा १८ बमोजिम वोलाईएको छैठौं वार्षिक साधारण सभा वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री अजय गोयनकाज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी तपशील बमोजिमको प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु सहित समापन भयो ।

## २. सभाको सूचंना

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको छैठौं बार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम १८ को उपनियम (३) बमोजिम मिति २०८०/१२/०८ गतेको गौतमबुद्ध सन्देश राष्ट्रिय दैनिक र मिति २०८०।१२।१८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफलका सामान्य तथा विशेष प्रस्तावहरु सहितको सूचना प्रकाशित गरिएको थियो । साथै संचालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन र प्रस्तावहरु समावेश भएको मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन शेयर सदस्यको इमेल ठेगानामा पठाउनुको साथै वित्तीय संस्थाको वेभसाईट www.manakamanalbs.com मा समेत राखिएको थियो ।

३. सभा संचालन मिति, समय र स्थानः

मिति : २०८० साल चैत २९ गते विहिबार (तदनुसार अप्रिल ११, २०२४)

समय : शुरुवात : अपरान्हको १:२५ बजे र समापन : ३:१० बजे ।

स्थान : होटल पौवा, सिद्धार्थनगर ६, रुपन्देही ।

४. उपस्थिति :

वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभामा तपसिल बमोजिमका सञ्चालकहरुको उपस्थिति रहेको थियो ।

संचालक समिति

१. श्री अजय गोयनका, अध्यक्ष (संस्थापक शेयरधनी)

२. श्री शान्ति चौधरी, संचालक (संस्थापक शेयरधनी)

३. श्री डोलाराम घिमिरे, संचालक (सर्वसाधारण शेयरधनी)

४. श्री श्री सन्दिप कुमार अग्रवाल, संचालक (संस्थापक शेयरधनी)

५. श्री करन खेतान, संचालक (संस्थापक शेयरधनी)

उपस्थित पर्यवेक्षक तथा कर्मचारी

१. श्री निमेशमान कायस्थः प्रतिनिधि एनएमवि क्यापिटल लि.

२. श्री देवसिंह बिष्ट, प्रमुख कार्यकारी अधिकृत

३. श्री कुलमणि ज्ञवाली, नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

४. श्री राजकुमार सुवेदी, सहायक प्रबन्धक

५. श्री लक्ष्मण भट्टराई, सहायक प्रबन्धक

६. श्री तिलकराम भण्डारी, बरिष्ठ अधिकृत

७. श्री पदमप्रसाद घिमिरे, बरिष्ठ अधिकृत

८. श्री मदन चोहान, कनिष्ठ अधिकृत

९. श्री रामबहादुर आले, कनिष्ठ अधिकृत

१०. श्री विशाल चौधरी, कष्ठि सहायक

११. श्री सेनन गुरुङ्ग, बरिष्ठ सहायक

१२. श्री शशांक गुरुङ्ग, कनिष्ठ सहायक

१३. श्री चन्द्रावती चौधरी, कार्यालय सहयोगी

**<u>शेयरधनीको उपस्थिति</u>**

शेयरधनीको स्वयम् उपस्थिति २२ जना

प्रोक्सी मार्फत उपस्थिति : ७१

जम्मा शेयरको सभामा प्रतिनिधित्व : कित्ता ८,९६६८९/- (६०.३९ प्रतिशत)

**५. साधारण सभाका प्रस्तावहरु**

***<u>क) सामान्य प्रस्तावहरु</u>*** :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । ( हाल बहालवाला लेखापरीक्षक पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

***<u>ख) विशेष प्रस्तावहरु :</u>***

१. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा प्राप्ति सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति ( एक्विजिशन) सँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

**ग) विविध ।**

**६. साधारण सभाको वैधानिकता**

कम्पनी ऐन २०६३ तथा यस वित्तीय संस्थाको नियमावली बमोजिमको प्रकृया पुरा गरी यो छैठौं बार्षिक सभा वोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार बार्षिक साधारण सभाको गणपुरक संख्या वांडफांड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको

प्रतिनिधित्व हुने गरि कुल शेयरधनिहरु मध्ये कम्तीमा ३ जना स्वयं वा प्रोक्सी मार्फत उपस्थिति हुनुपर्ने प्रावधान रहेकोमा साधारण सभामा राखिएको उपस्थिति पुस्तिका बमोजिम शेयर सदस्यको उपस्थिति संख्या स्वयम् २२ जना र प्रोक्सीमार्फत ७१ जना गरी जम्मा उपस्थिति ९३ जना रहेको र यसले कुल ६०.३९ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने हुनाले आजको सभाको गणपुरक संख्या पुगेको उल्लेख गर्दै आजको छैठौं वार्षिक साधारण सभाले वैधानिकता पाउनको लागि सवै प्रकृया पुरा भएको जानकारी कम्पनी सचिव कुलमणि ज्ञवालीले गराउनु भयो । तत्पश्चात वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभाको अध्यक्षता संचालक समितिका अध्यक्ष श्री अजय गोयनका ज्यू ले गर्नुभयो । साथै क्रमशः सम्पुर्ण संचालक तथा शेयरधनीहरुले आसन ग्रहण गर्नुभयो । सभाका अध्यक्ष तथा संचालक समितिका अध्यक्ष ज्यूले पानसमा बत्ती बालेर र गमलाको फूलमा पानी हालेर बार्षिक साधारण सभाको उद्घाटन गर्दै विधिवतः प्रकृया शुरु गरियो ।

**७. प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तब्य तथा कम्पनीको बारेमा संक्षिप्त जानकारी :**

सम्पूर्ण उपस्थित महानुभावहरुलाई वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभामा प्रमुख कार्यकारी अधिकृत श्री देव सिंह विष्टले स्वागत गर्नुभयो । उहाँले वित्तीय संस्थाले लुम्बिनी प्रदेशका नौ जिल्लामा ३८ वटा शाखा कार्यालयहरु मार्फत गरीवीको रेखामुनि रहेका विपन्न समुदायलाई सामुहिक जमानीमा कर्जा लगानी भई रहेको जानकारी दिनुभयो । हाल लघुबित्त संस्थाबाट कर्जा लिएका सदस्यहरुलाई विभिन्न संगठनहरुले कर्जा तिर्नु पर्दैन मिनाहा हुन्छ भन्दै नतिर्न उक्साउने गरिएका कारण केन्द्र संचालनमा केहि बाधा उत्पन्न भएको र देशैभरी यस्तो समस्या देखिएको उल्लेख गर्दै सरकार, नेपाल राष्ट्र बैंक र लघुवित्त संस्थाहरुको सामुहिक पहलबाट समस्याको समाधान गर्नुपर्ने अवस्था आएको जानकारी गराउनुभयो । कर्जाको विस्तारको गति कम भएको, बचतको ब्याजदर बढेको र यस वित्तीय संस्थाले लिएको सापटीको ब्याजदर पनि बढेको तर कर्जाको ब्याजदर स्थिर रहेको हुँदा लागत बढ्न गई अपेक्षा अनुसार ब्यवसाय विस्तार हुन र लक्ष्य अनुसारको उपलब्धि हासिल गर्न चुनौति रहेको पनि प्रमुख कार्यकारी अधिकृतले उल्लेख गर्नुभयो । उहाँले संस्थालाई राष्ट्रिय स्तरको सवल संस्थाको रुपमा रुपान्तरण गर्न बनेपाको समता घरेलु लघुवित्त वित्तीय संस्था लि. सँग गाभिने प्रकृयामा रहेको समेत जानकारी दिनुभयो ।

सभाको औपचारिक कार्यक्रमलाई अगाडि बढाउने क्रममा संचालक समितिको तर्फबाट वित्तीय संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्न कम्पनी सचिवले सभाध्यक्षज्यूलाई आग्रह गर्नुभयो । संचालक समितिको तर्फबाट सभा अध्यक्षज्यूले वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को वार्षिक

प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो । सभाध्यक्षज्यूको प्रतिवेदन पश्चात सभाध्यक्षको आज्ञाले कम्पनी सचिवले लेखापरीक्षकको प्रतिवेदन, आ.व. २०७९/८० को वासलात, नाफा नोक्सान, नगद प्रवाह तथा अन्य सम्वन्धित अनुसूचिहरुमा छलफल, जिज्ञासा, सुझाव तथा टिप्पणी गर्न आग्रह गर्नुभयो ।

**८. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावहरु**

साधारण सभामा शेयरधनीज्यूहरुको प्रतिनिधित्व गर्दै संचालक ज्यूहरुले देशब्यापी रुपमा फैलिएको बैंक तथा वित्तीय संस्था बिरुद्धको अभियान, आर्थिक मन्दीले पारेको असर संस्थामा पर्न नदिन ध्यान दिनुपर्नेमा जोड दिनुभएको थियो । उहाँहरुले संस्थाको प्रगतिको शुभकामना ब्यक्त गर्दै भविष्यमा राम्रो लाभांस बाड्न सक्ने गरी ब्यवसाय विस्तार गर्न र समता घरेलु लघुवित्त वित्तीय संस्था लि. सँग समयमै गाभिएर एकीकृत कारोबार गर्न आग्रह गर्नुभएको थियो ।

**९. शेयरधनी महानुभावहरुको जिज्ञासा, टिप्पणी तथा सुझावको प्रत्युत्तर**

उल्लेखित जिज्ञासा टिप्पणी तथा प्रश्नहरुको लागि शेयरधनीहरुलाई धन्यवाद दिदै सभाध्यक्षज्यूले शेयरधनी महानुभावहरुले दिनु भएको हौसला तथा सकरात्मक प्रतिकृयाले संस्थालाई अगाडि बढाउन थप प्रेरणा मिलेको बताउनु भयो र सुझाव कार्यान्वयनमा ल्याइने जानकारी दिनुभयो । शेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा र सुझाव पश्चात सभाध्यक्षको आज्ञाले कम्पनी सचिवले साधारण सभाका प्रस्तावहरु बुँदागत रुपमा निर्णयार्थ सभामा पेश गर्नुभयो ।

**१०. साधारण सभाको निर्णयः**

क) सामान्य प्रस्तावहरुको सन्दर्भमाः

**प्रस्ताव नं १.**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. १ मा छलफल गर्दा समितिका अध्यक्ष श्री अजय गोयनकाज्यूले संचालक समितिको तर्फवाट सभामा प्रस्तुत गर्नु भएको वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को बार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २.**

लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. २ बमोजिम यस वित्तीय संस्था लि.को आ.ब.२०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोहि अवधिको नाफा नोक्सान, हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत हुंदा उपस्थित शेयरधनी महानुभावहरुबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३.**

लेखा परीक्षण समितिको सिफारिश बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/०८१ को लेखा परीक्षण गर्नकालागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णयः**

प्रस्ताव नं. ३ मा छफफल हुँदा यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको चालु आर्थिक बर्ष २०८०/०८१ को लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा छलफल गर्दा बहालवाला लेखा परीक्षक श्री घनश्याम पौडेल, चार्टर्ड एकाउण्टेण्ट (पौड्याल एण्ड एशोसिएसट्स) काठमाण्डौंलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक रु.३,००,०००/- कर बाहेक उपलब्ध गराउने प्रस्ताव सर्वसम्मत पारित गर्ने निर्णय भयो ।

**ख) विशेष प्रस्ताव :**

१. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको DDA मूल्यांकनर्ताको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन, शेयर आदान प्रदान दर प्रस्ताव पारित, प्रारम्भिक समझदारीपत्र तथा प्राप्ति सम्बन्धमा भएको निर्णयहरुको अनुमोदन, अन्तिम सम्झौतापत्र लगायत सो सम्बन्धी कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी, प्राप्ति (एक्विजिशन) सँग सम्बन्धीत आवश्यक अन्य सम्पूर्ण निर्णयहरु पारित गर्ने ।

**१. विशेष प्रस्तावहरुको निर्णय :**

विशेष प्रस्तावको सम्वन्धमा नेपाल राष्ट्र बैंकद्वारा लघुवित्त संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) लाई बिशेष प्राथमिकता राख्दै आइरहेको र विद्यमान परिस्थितिमा उपयुक्त लघुवित्त संस्थाहरु एक आपसमा गाभिई वा प्राप्ती भई पूँजीगत एवम् कार्यक्रमगत दृष्टिकोणले दरिलो एवम् उत्कृष्ट हुनु आफैंमा सकारात्मक पक्ष भएको धारणा सभामा उपस्थित शेयरधनीहरुले प्रस्तुत गर्नु हुँदै समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडले यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा देहायको बुंदागत प्रस्तावहरुमा आवश्यक छलफल गरी तपसिल बमोजिमको निर्णयहरु समेत सभाद्वारा पारित गरियो ।

**तपसिल :**

**१.१. प्राप्ति (एक्विजिशन) सम्बन्धमा हाल सम्म भएको प्रगति सम्वन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्ष ज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

यस वित्तीय संस्थाको २०७९/१२/१६ गते सम्पन्न पाँचौं वार्षिक साधारण सभाको विशेष प्रस्ताव मार्फत यस वित्तीय संस्था र अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था बिच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्यको लागि बर्तमान सञ्चालक समितिलाई अख्तियारी प्रदान गरिएकोमा उक्त अख्तियारीको अधिनमा रही काभ्रेपलाञ्चोक जिल्ला, बनेपा नगरपालिका, वडा नं. ७ मा केन्द्रीय कार्यालय रही नेपाल राष्ट्र बैकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र रहेको समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडसँग प्राप्ति (एक्विजशन) हुने उद्देश्यले मिति २०८० भदौ ७ गते प्रारम्भिक समझदारीपत्रमा (MOU) मा हस्ताक्षर सम्पन्न भई नियमानुसार नेपाल राष्ट्र बैकबाट मिति २०८० मंसिर २७ गते सैद्धान्तिक सहमति (LOI) र नेपाल धितोपत्र बोर्डबाट मिति २०८० पुष १९ गते पूर्व सहमति प्राप्त भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (पाचौं संशोधन २०७९ सहित), धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका २०७९, बैंक तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन तथा अन्य प्रचलित ऐन कानून वमोजिम दुई वित्तीय संस्था बिच भएको प्रारम्भिक सम्झौतापत्रमा उल्लेखित सहमति बमोजिम गठित सँयुक्त प्राप्ति समितिले

तोकिएको कार्ययोजना अनुरुप प्राप्ति (एक्विजिशन) सम्बन्धी कार्यान्वयन प्रक्रिया नियमसंगत ढंगबाट अघि बढाउँदै आइरहेको व्यहोरा सहितको अध्यक्ष ज्यूद्धारा प्रस्तुत प्रतिवेदनलाई सभाद्धारा पारित गरियो ।

**१.२. व्यवसायिक योजना तथा प्रक्षेपण एवम् चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit-DDA) को लागि गरिएको मूल्यांकनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने सम्वन्धमा ।**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने उद्देश्यले सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit (DDA) कार्य सम्पन्न गर्ने गरि नियमानुसार सँयुक्त प्राप्ति समितिद्धारा नियुक्ति गरिएको मूल्यांकनकर्ता श्री एन. वि. रोकाया एण्ड एसोसिएट्स, धापाखेल, ललितपुरद्धारा प्रचलित ऐन, कानून एवम् दुई पक्ष विच भएको सहमतिको अधिनमा रही नियमानुसार सम्पत्ति, दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit (DDA) कार्य सम्पन्न गर्दा तोकिएको शुल्क सहित देहाय बमोजिमको खर्चहरु भएको र उक्त खर्चहरु आवश्यकता एवम् औचित्यताको आधारमा नै भएको भन्ने राय सहितको प्रस्ताव एवम् मुल्यांकनकर्ता नियुक्ति अनुमोदनको लागि सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाद्धारा सर्वसम्मतिले अनुमोदन गरियो ।

**तपसिल :**

| क्र.सं. | खर्चको शिर्षक | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | **Due Diligence Audit (DDA)**<br>**मुल्यांकनकर्ता शुल्क** | रु. २,५०,०००/- | **भ्याट सहित** |
| २. | **शाखागत स्थलगत भ्रमण खर्च** | रु. २१,८२९।९९ | |
| | यातायात खर्च | १४,८००/- | |
| | आवास तथा खाना खर्च | ७,०२९।९९ | |
| | **कुल खर्च** | रु. २,७१,८२९।९९ | |
| **अक्षरेपी : दुई लाख एकहत्तर हजार आठ सय उन्तीस रुपैया उन्नानशय पैसा मात्र** | | | |

Ajay

साथै, दुई पक्ष बिच भएको प्रारम्भिक समझदारी पत्रको बुदाँ नं. ४ मा उल्लेखित अनुमानित लागतको अधिनमा रही माथि उल्लेखित Due Diligence Audit (DDA) खर्च बाहेक सँयुक्त प्राप्ति समितिको पदाधिकारीहरुको हालसम्मको बैठक भत्ता ( हालसम्म ५ वटा बैठक सम्पन्न) रु. ९०,०००/- तथा बैठक व्यवस्थापन खर्च रु. ७,४८०/- गरि कुल खर्च रु. ९७,४८०/- (अक्षरेपी सन्तानव्वे हजार चार सय असि रुपैया मात्र) भएकोमा उक्त खर्चलाई अनुमोदन गर्ने गरी गरिएको प्रस्ताव र प्राप्ति (एक्विजिशन) सम्बन्धी थप प्रक्रिया अघि बढाउने सन्दर्भमा नियमानुसार संचालन हुने सँयुक्त प्राप्ति समितिको बैठक तथा सो बैठकमा हुने बास्तविक खर्चहरु एवम् समझदारी पत्रको बुँदा नं. ४ मा उल्लेखित प्राप्ति सम्बन्धी अन्य आवश्यक खर्चहरु गर्ने गरी प्रक्रिया अघि बढाउनको लागि गरिएको प्रस्ताव समेत सभाद्धारा पारित गरियो ।

**१.३. प्राप्ति (एक्विजिशन) सम्बन्धमा सम्पन्न प्रारम्भिक समझदारीपत्र (MOU), सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन, संयुक्त प्राप्ति समिति तथा सञ्चालक समितिद्धारा भए गरेका निर्णयहरुको अनुमोदन गर्ने सम्वन्धमा ।**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने उद्देश्यले सम्पन्न प्रारम्भिक समझदारी पत्र (MOU) र उक्त समझादरीपत्रमा उल्लेखित देहायको मूख्य बुँदाहरु, मूल्यांकनकर्ताबाट प्राप्त सम्पत्ति, दायित्व तथा कारोवार मूल्यांकन प्रतिवेदन (DDA Report) मा उल्लेखित विषयवस्तुहरु साथै प्राप्ति (एक्विजिशन) सम्बन्धमा संयुक्त प्राप्ति समिति तथा संचालक समितिद्धारा हालसम्म भए गरेका निर्णयहरुको अनुमोदन गर्ने प्रस्ताव सभाद्धारा पारित गरियो ।

**<u>सहमतिको मुख्य बुदाँहरु देहाय बमोजिम रहेको छ :</u>**

- समता घरेलु लघुवित्त वित्तीय संस्था लि. ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. लाई प्राप्ति (एक्विजिशन) गरे पछि वित्तीय संस्थाको नाम "समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड" कायम रहने साथै "घ" वर्गको राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्थाको रुपमा कार्य गर्ने सहमति भएको ।

- प्राप्ति (एक्विजिशन) कार्य पश्चात् समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेको रजिष्टर्ड ( केन्द्रीय) कार्यालय हाल समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको बनेपा नगरपालिका, वडा नं. ७, बनेपा, काभ्रेपलाञ्चोक कायम रहने गरि सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात् वित्तीय संस्थाको कम्पनी दर्ता नं., नेपाल नेपाल राष्ट्र बैंकको इजाजतपत्र नं. र स्थायी लेखा नं. क्रमश: १११५४८/६९/०७० ने.रा. बैंक/इ.प्रा."घ" /९४/ ०७५/ ०७६ र ६०१०२८२४९ प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको कायम हुने गरि सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात् लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको कम्पनी दर्ता नं. १७६३६७/०७४/०७५, ने.रा.बैंक/इ.प्रा./"घ"/६५/०७४/७५ र स्थायी लेखा नं. ६०६८७२१०० लाई खारेज गरिने गरि सहमति भएको ।
- समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट ३ जना र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट २ जना रहने गरि कुल ५ सदस्यीय संयुक्त प्राप्ति समिति गठन भई प्राप्ति सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउन अख्तियारी प्रदान गरिएको ।
- बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को ९ (क) अनुसार DDA बाट प्राप्त रिपोर्ट अनुसार नेटवर्थमा बढीमा १० प्रतिशतसम्म थपघट गरि समायोजित आधार नेटवर्थ (Revised Base Networth) गणना गरि आपसी सहमतिमा शेयर स्वाप अनुपात (Share Swap Ratio) १:१ कायम गर्ने सहमति भएको ।
- समता घरेलु लघुवित्त वित्तीय संस्था लि. को प्रमुख कार्यकारी अधिकृतलाई प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोवार पश्चात् वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गर्ने गरि सहमति भएको साथै लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को प्रमुख कार्यकारी अधिकृतलाई प्राप्ति (एक्विजिशन) पश्चात् वित्तीय संस्थामा नायव प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गरिनुको साथै अन्य कर्मचारीहरुको हकमा प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम श्रेणी तथा पद विभाजन एवम् तलव, भत्ता तथा अन्य

सुविधाहरुलाई आधार मानी लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडमा हाल कार्यरत कर्मचारीहरुको योग्यता, अनुभव, दक्षता, कार्यविधिको आधारमा हाल खाईपाई आएको कुल तलब, भत्ता नघट्ने गरि समायोजन गरिने सहमति भएको ।

- प्राप्ति (एक्विजिशन)कार्य सम्पन्न भई एकीकृत कारोवार शुरु भए पश्चात् वित्तीय संस्थाको संचालक समितिमा प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम संचालक समितिको पदाधिकारीहरुलाई नै निरन्तरता दिईने सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात् वित्तीय संस्थाको कार्य प्रणालीमा थप विश्वसनियता कायम गराउँने उद्देश्यले एकिकृत कारोवार पछिको पहिलो वार्षिक साधारण सभा सम्पन्न नभएसम्मको लागि नियमानुसार संचालन हुने संचालक समितिको बैठकमा लक्षित संस्था मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. को अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा सहभागी गराउने गरि सहमति भएको ।
- प्राप्ति गर्ने सम्बन्धी कार्य यस सम्झौता पत्रमा हस्ताक्षर भएको मितिले सकेसम्म ६ महिना भित्र पुरा गर्ने लक्ष्य लिईएको हुंदा सो समयावधिमा पुरा गर्ने प्रतिबद्धता दुबै पक्षबांट जाहेर गरेको यद्यपी कुनै कारणले सो समय अपुग भएमा संयुक्त प्राप्ति समितिले निर्णय गरि आवश्यक समय थप गर्नको लागि सम्बन्धीत नियामक निकायसँग अनुरोध गर्न सकिने गरि सहमति भएको ।
- हालको मौद्रिक नीति एवम् नेपाल राष्ट्र बैंकद्वारा जारी भएको निर्देशन बमोजिम हाल प्रक्रियामा रहेको प्राप्ति (एक्विजिशन) सम्बन्धी प्रक्रिया बाहेक सो अवधिमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई समेत प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा दुवै वित्तीय संस्थाको आपसी सहमतिमा सम्बन्धीत पक्षसँग छलफल गरि प्रक्रिया अघि बढाउँन प्राप्त गर्ने संस्था समता घरेलु लघुवित्त वित्तीय संस्था लि.लाई अख्तियारी रहने गरि सहमति भएको ।
- प्राप्ति (एक्विजिशन) पश्चात् प्राप्त गर्ने संस्था (एक्वायरर) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कार्यान्वयनमा रहेको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली लगायत आन्तरिक कार्यविधि, निर्देशिका आदिलाई नै लागू गरिने गरि सहमति भएको ।
- अन्य सहमतिको बुँदाहरु प्रारम्भिक समझदारी पत्र (MOU) मा उल्लेख भए बमोजिम हुने गरि सहमति भएको ।

Ajay

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड २०७८

**१.५. प्राप्ति (एक्विजिशन) कार्यको लागि अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायतका अन्य आवश्यक कार्यहरु गर्न गराउनको लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा नियमानुसार गरिने अन्तिम सम्झौतापत्र (Final Scheme of Arrangement) लगायत प्राप्ति (एक्विजिशन) सम्बन्धी आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि बर्तमान संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सभाद्वारा सर्वसम्मतिले पारित गरियो ।

**१.६. प्राप्ति (एक्विजिशन) कार्य पश्चात् बन्ने वित्तीय संस्थाको नाम, ठेगाना, नेपाल राष्ट्र बैंकको इजाजतपत्र नं., कम्पनी दर्ता नं.,स्थायी लेखा नं., अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी, संस्थापक तथा सर्वसाधारणको शेयर स्वामित्व परिवर्तन सम्बन्धी प्रस्ताव पारित गर्ने सम्वन्धमा ।**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको प्रारम्भिक समझदारी पत्रको बुदा नं. २ मा भएको सहमति बमोजिम प्राप्ति पश्चात् कायम हुने वित्तीय संस्थाको नाम, ठेगाना, नेपाल राष्ट्र बैंकको इजाजतपत्र नं., कम्पनी दर्ता नं. र स्थायी लेखा नं. क्रमश : "समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड", "बनेपा नगरपालिका, वडा नं. ७, बनेपा, काभ्रेपलाञ्चोक", ने.रा.बैंक/इ.प्रा."घ"/९४/०७५/०७६, "१११५४८/६९/०७०" र "६०१०२८२४९" हुने भनि गरिएको प्रस्ताव सभाद्वारा ध्वनीमतले पारित गर्नुको साथै प्राप्ति पश्चात् बन्ने वित्तीय संस्थाको अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी, संस्थापक तथा सर्वसाधारणको शेयर स्वामित्व संरचना अनुपात प्राप्ति गर्ने संस्था समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम प्रवन्धपत्रमा आवश्यक संशोधन सहित नियमानुसार लागु गरिए बमोजिम हुने भनि राखिएको प्रस्ताव समेत सभाद्वारा पारित गरियो ।

**१.७. प्राप्ति (एक्विजिश) कार्य पश्चात् कायम हुने संचालक समिति सम्बन्धमा ।**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धमा भएको प्रारम्भिक समझदारी पत्रको बुँदा नं. १० (क) मा भएको सहमति बमोजिम प्राप्ति पश्चात् वित्तीय संस्थाको संचालक

**१.४. मूल्यांकनकर्ताबाट प्राप्त चल अचल सम्पत्ति र दायित्व मुल्यांकन (Due Diligence Audit-DDA) प्रतिवेदनको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान दर (Share Swap Ratio) पारित गरि प्राप्ति (एक्विजिशन) सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउने सम्वन्धमा ।**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड ले मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड लाई प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि गठित संचालक स्तरिय संयुक्त प्राप्ति समितिलाई नियमानुसार प्रत्यायोजन गरिएको अख्तियारको अधिनमा रहि नियुक्ति गरिएको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्यांकन (Due Diligence Audit (DDA) को मूल्यांकनकर्ता श्री एन.वि. रोकाया एण्ड एसोसियट्स, ललितपुरद्धारा उपलब्ध गराईएको प्रतिवेदन बमोजिम प्रति शेयर आधार नेटवर्थ (Base Net Worth Per Share) समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. १२६।२१ र मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको रु. ११४।६० कायम भई शेयर स्वाप अनुपात (Share Swap Ratio) १०० : ९०।८० (समता घरेलु लघुवित्त वित्तीय संस्था लि. : मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि.) हुने देखिएकोमा प्राप्ति (एक्विजिशन) सम्वन्धमा भएको प्रारम्भिक समझदारीपत्र (MOU) को बुदाँ नं. ८ (ख) मा भएको सहमति साथै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) र प्राप्ति (एक्विजिशन) सम्वन्धी विनियमावली २०७३ को विनियम ९(क) को व्यवस्था बमोजिम खुद सम्पत्तिको बढीमा १० प्रतिशतले आधार नेटवर्थ (Base Net Worth) मा थपघट गरी गणना गर्दा समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको खुद सम्पत्तिको ९।२० प्रतिशतले घटाई गणना गरिएको समायोजित आधार नेटवर्थ (Revised Base Net Worth) बमोजिम सोही विनियमावलीको विनियम ८(ख) मा उल्लेखित विधि बमोजिम संशोधित शेयर स्वाप अनुपात (Revised Share Swap Ratio) एक बराबर एकको अनुपात (१:१) अर्थात् समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर बराबर मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर कायम गर्ने निर्णय भएको र उक्त शेयर आदान प्रदान दरमा प्राप्ति (एक्विजिशन) सम्बन्धी थप प्रक्रिया अघि बढाउन उपयुक्त देखिएको राय सहित संचालक समितिद्धारा पेश गरिएको प्रस्तावलाई सभाद्धारा सर्वसम्मतिले पारित गरियो ।

मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेड
२०७३

समितिमा प्राप्ति गर्ने संस्था समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडको हाल कायम संचालक समितिको देहायको पदाधिकारीहरुलाई नै नियमानुसार निरन्तरता दिने गरि गरिएको प्रस्ताव सभाद्धारा पारित गरियो ।

**तपसिल :**

| क.स. | नाम | पद | समुह |
|---|---|---|---|
| १ | श्री डम्मर मणि थेवे लिम्बु | अध्यक्ष | संस्थापक |
| २ | श्री राजेश्वरप्रसाद आचार्य | सञ्चालक | संस्थापक |
| ३ | श्री विश्वराम खड्का | सञ्चालक | संस्थापक |
| ४ | श्री हरि बहादुर भण्डारी | सञ्चालक | संस्थापक |
| ५ | श्री भक्तराम खड्का | सञ्चालक | सर्वसाधारण |
| ६ | श्री अनुपा ओझा | सञ्चालक | सर्वसांधारण |
| ७ | श्री निरंजन पराजुली | सञ्चालक | स्वतन्त्र |

**ग) विविध :**

**निर्णय:**

विविध अन्तर्गत कुनै प्रस्ताव नरहेको जानकारी साधारण सभामा दिईयो ।

**११. धन्यवाद ज्ञापन तथा छैठौं वार्षिक साधारण सभाको समापन**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले सभाध्यक्षज्यूले वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, व्यवस्थापन तथा कर्मचारीहरु, सञ्चार जगत लगायतलाई धन्यवाद ज्ञापन गर्नुभयो र औपचारिक रुपमा छैठौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ........................ | ................ |
| **कुलमणि ज्ञवाली** | **अजय गोयनका** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |